**यहि मिति २०८३ साउन महिनाको  ३१ गते बसेको पहिलो कार्यपालिका बैठकको निणर्यहरुः-**

१. यस गाउँपालिका गाउँकार्यपालिकाको निर्णय कार्यान्वयनको अवस्थावारे छलफल र समीक्षा गरियो ।

२. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ सार्वजनिक खरिद ऐन २०६३ सार्वजनिक खरिद नियमावली २०६४ स्थानीय सरकार संचालन ऐन २०७४ तथा स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन २०७८ बमोजिम विभिन्न समिति तथा शाखाबाट तयार भई पेश भएको महाभारत गाँउपालिकाको आ व २०८३।०८४ को कार्यक्रम[1] कार्ययोजना स्वीकृत गर्ने निर्णय गरीयो।

३. अघिल्लो कार्यपालिकामा पेश भई छलफलको लागि विधायन समितिमा पेश भएका देहायका कार्यविधिहरू समितिको प्रस्ताव बमोजिम स्विकृत गर्ने निर्णय गरीयो।

   क. महाभारत गाँउपालिकाको सूचना तथा अभिलेख केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धी कार्यविधि २०८३

   ख. विषयगत समिति (कार्यसञ्चालन) कार्यविधि २०८३

४. वागमती प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०७९ तथा संगठन तथा व्यवस्थापन सर्भेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड २०८२ को दफा ५ को उपदफा ३ को व्यवस्था बमोजिम संगठन तथा व्यवस्थापन पूर्वस्वीकृति प्रदान गर्न प्रशासन शाखाले पेश गरेको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरीयो।

५. सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ नेपाल सरकारको समपुरक अनुदान कार्यविधि २०८१ विशेष अनुदान कार्यविधि २०८१ महाभारत गाँउपालिकाको सार्वजनिक खरिद नियमावली २०७९ को नियम ८ बमोजिम यस गाँउपालिकाको आ व २०८३।०८४ को स्वीकृत वार्षिक कार्यक्रम देहायका आयोजनाहरुको खरिद गुरूयोजना स्वीकृत गर्ने भनी पूर्वाधार विकास शाखाबाट पेश भएको प्रस्तावलाई स्वीकृत गर्ने निर्णय गरीयो।

---

1

महाभारत गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दैवीटार, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

| आयोजनाको नाम | अनुमानीत रकम | खरिद विधि | पहिलो आ व को रकम | दोस्रो आ व को रकम | तेस्रो आ व को रकम |
|---|---|---|---|---|---|
| तीनखुट्टे सर्दुङ बुढाखानी सडक (सर्दुङ बुढाखानी सडक खण्ड) | ७००००००। | राष्ट्रिय वोलपत्र | १३१२५०००। | ३००००००००। | २६८७००००। |
| कलोन मजुवा खान्द्रुके कोल्टार घमाइलो सेपाइलो राइभञ्ज्याङ खानेपानी आयोजना | ३००००००००। | राष्ट्रिय वोलपत्र | १००००००००। | १४१००००००।। | ५९०००००। |
| मैनडाँडा टोके अमलवास सडक स्तरोन्नती | २००००००००। | राष्ट्रिय वोलपत्र | ७५०००००। | १००००००००। | २५०००००। |

६. सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ बमोजिम विभिन्न शाखाहरू मार्फत हुने महाभारत गाँउपालिकाको आ व २०८३।०८४ मा हुने आयोजना तथा कार्यक्रम कार्यान्वयनको वार्षिक खरिद योजना सम्बन्धी विभिन्न शाखाहरूको प्रस्तावलाई स्विकृत गर्ने निर्णय गरीयो।

७. भुमिहिन दलित भुमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासी पहिचान तथा प्रमाणीकरण मापदण्ड २०८२ तथा नेपाल सरकार भुमि व्यवस्था सहकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (भुमि समस्या समाधान समिति) को मिति २०८३।०४।०१ को पत्र अनुसार महाभारत गाँउपालिका अन्तरगत विभिन्न स्थानमा बसोबास गरिरहेका भुमिहिन दलित भुमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूको विवरण तथा लगत हालसम्म प्राप्त भएका विवरणहरू जिल्ला भुमि समस्या समाधान समिति काभ्रपलाञ्चोकमा पठाउने तथा जेनजी आन्दोलनका कारण अभिलेख व्यवस्थापनको क्रममा नभेटिएका थप फाइलहरूको सन्दर्भमा थप म्याद सहितको निवेदन संकलनको लागि जिल्ला भुमि समस्या समाधान समितिलाई अनुरोध गर्ने निर्णय गरीयो ।

CamScanner

महाभारत गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दैविटार, काभ्रेपलान्चोक
बागमती प्रदेश, नेपाल

८. नेपाल सरकारको मिति २०८२ साल चैत्र २३ गतेबाट लागु हुने गरी सम्पूर्ण सरकारी कार्यालय सार्वजनिक निकाय तथा शैक्षिक संस्थाहरुमा शनिबार र आइतबार सार्वजनिक विदा दिने तथा कार्यालय समय समेत परिवर्तन गर्ने निर्णय गरेकोमा महाभारत गाँउपालिका कार्यपालिकाको मिति २०८३।०१।२९ को निर्णय बमोजिम आर्थिक बर्षको अन्त्यमा कार्यवोझ लगायतका कारण यस गाँउपालिका अन्तरगतका कार्यालयहरू तथा शैक्षिक संस्थाहरूमा आइतबार बिदा नदिने र कार्यालय समयमा समेत परिवर्तन नहुने निर्णय गरेकोमा नेपाल सरकारका विभिन्न मन्त्रालयहरूद्धारा पटक पटक आइतबार विदा दिने निर्णय कार्यान्वयन गर्नु भनी पत्राचार गरेको तथा कर्मचारी कार्य जिवन सन्तुलन उर्जा र प्रशासनिक खर्च मितव्ययिता जस्ता कारण र २०८३ सालको सार्वजनिक विदा सम्बन्धी सूचना समेत नेपाल राजपत्रमा प्रकाशित भएकाले संघीय सरकारको निर्णय सँग गाँउपालिकाको निर्णय नबाझ्ने लगायतका विषयलाई मध्यनजर गरी यस गाँउपालिका अन्तरगतका कार्यालय तथा निकाय र शैक्षिक संस्थाहरूमा आइतबार समेत विदा दिने र नेपाल सरकारको निर्णय बमोजिम कार्यालय समयमा तादम्यता कायम गर्ने भनी प्रशासन शाखाबाट प्राप्त प्रस्तावलाई स्वीकृत गर्ने निर्णय गरीयो।

९. स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १६ र १७ तथा महाभारत गाँउपालिकाको अनुगमन तथा मुल्यांकन कार्यविधि २०७४ को दफा ४ को कानूनी व्यवस्था बमोजिम यस गाँउपालिकाको आ व २०८३।०८३ स्वीकृत बजेट तथा कार्यक्रममा समावेश विकास योजना तथा कार्यक्रमहरूको वार्षिक अनुगमन प्रतिवेदन पेश गर्ने भनी अनुगमन तथा सुपरिवेक्षण समितिबाट प्राप्त प्रस्तावलाई स्वीकृत गर्ने निर्णय गरीयो।

..................

कान्छामान जिम्बा

कान्छामान जिम्बा
प्रवक्ता

CamScanner